कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
रूकुम (पश्चिम)
कार्यालय कोड नं: ३१२०१५९०२६

☎ ०८८-५३००१९

पत्र संख्याः- २०८१/८२
सूचना नं.५

मितिः २०८१/०६/१५

विषयः सिचाइ योजना निर्माण तथा मर्मत संभारका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम अनुसार यस जिल्लाको प्रदेश सभा निर्बाचन क्षेत्र १(१) र प्रदेश सभा निर्बाचन क्षेत्र १(२) मा स्थानीय आवस्यकताका आधारमा साना सिँचाई योजना निर्माण तथा मर्मत सुधार गर्न अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक फर्म/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समितिबाट प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८१/०७/१५ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न जानकारी गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट सम्बन्धि कार्य कृषि तथा सहकारी सम्बन्धि कार्यक्रम (संचालन तथा ब्यवस्थापन) कार्यबिधि २०८१ अनुसार हुनेछ। यस सम्वन्धी थप जानकारीका लागि कार्यालयको *Website: www.adorukum.gov.np* हेर्न वा टेलिफोन नं. ०८८-५३००१९ मा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजातहरु:</u>

१) साना तथा मझौला सिंचाई निर्माण तथा मर्मत संभार गर्न निर्दिष्ट विबरण भरिएको निवेदन ।
२) सम्बन्धित वडाका जनप्रतिनिधि उपस्थितिमा प्रस्तावित सिंचाई प्रभाव क्षेत्रका कृषकहरु सम्मिलित उपभोक्ता समिति गठन भएको निर्णयको प्रतिलिपि,
३) उपभोक्ताहरुको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि र तिनिहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
४) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५) नियमानुसार जम्मा गर्नु पर्ने राजश्व दाखिला भौचर वा नगदी रसिद ।

भरत बहादुर बस्नेत
निमित्त प्रमुख